# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १५६ | काठमाडौं | बुधबार, ०९ असोज २०८१ | Prabhab National Daily | Wednesday, September 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# शनिबारदेखि अग्रिम टिकट बुकिङ

- मध्यम तथा लामो दूरीका यातायातका लागि शनिबारदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय
- अनलाइनबाटसमेत टिकट लिनेगरी व्यवस्था मिलाइने
- अनधिकृत काउन्टर, परिचयपत्र, पोसाक नभएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतयाः नियन्त्रण गरिने
- नारायणघाट-काठमाडौं सडक खण्डमा असोज १७ देखि कात्तिक १ गतेसम्म ट्रेलरलगायत ठूला सवारीसाधन सञ्चालन गर्न रोक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी शनिबारदेखि चाडपर्वलाई लक्षित गरी सार्वजनिक यातायतको अग्रिम टिकट बुकिङ खुला गरिने भएको छ । यातायात व्यवस्था विभागको नेतृत्वमा मंगलबार बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

यस वर्षको दसैं, तिहार र छठ पर्वमा काठमाडौं उपत्यकाबाहिर जाने र काठमाडौं उपत्यका प्रवेश गर्दा यात्रा सहज र सुरक्षित बनाउने सम्बन्धमा आयोजित बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, सडक विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायीलगायत सरोकार भएकाहरूको उपस्थिति रहेको थियो ।

बैठकमा चाडपर्वलाई लक्षित गरी यातायात व्यवस्थापनमा सहजता ल्याउन सार्वजनिक यातायात सेवा प्रदायकहरूले मध्यम तथा लामो दूरीका यातायातका लागि शनिबारदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरिएको विभागले जनाएको छ । बैठकले अग्रिम टिकट बुकिङ गर्दा यथाशक्य अनलाइनबाट समेत टिकट लिने गरी व्यवस्था मिलाइने निर्णय गरिएको विभागका निर्देशक/प्रवक्ता ईश्वरीदत्त पनेरुले जानकारी दिए । उनकाअनुसार अग्रिम टिकट बुकिङ तथा उपत्यकाबाट बाहिरिने र उपत्यका भित्रिने यात्रुवाहक सवारीसाधनको विभाग, नेपाल प्रहरी, ट्राफिक प्रहरी, ल्होत्से बहुउद्देश्य प्रालि, उपभोक्ता सम्बद्ध संस्थासँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने/गराउने र यात्रुलाई मादक पदार्थ सेवन गरी यात्रा नगर्न आग्रह गर्ने निर्णय भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## उपत्यकाबाट १८ लाख मानिस बाहिरिने अनुमान

**काठमाडौं (प्रस)–** यस वर्षको चाडपर्वमा १५ देखि १८ लाख मानिस उपत्यकाबाट बाहिरिने अनुमान गरिएको छ । यो संख्या गत वर्षको तुलनामा पाँच लाखले बढी हो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता विश्वराज खड्काले मौसम राम्रो भएमा १८ लाखको हाराहारीमा मानिसहरू उपत्यकाबाट बाहिरिने सम्भावना रहेको बताए । उनका अनुसार अघिल्लो वर्ष १३ लाखको संख्यामा सर्वसाधारण उपत्यकाबाट बाहिरिएका थिए । प्रवक्ता खड्काले भने, 'यो वर्षको दसैंमा वर्षा भएन भने गत वर्षको तुलनामा पाँच लाख बढी सर्वसाधारणले उपत्यका छाड्ने अनुमान गरिएको छ ।'

चाडपर्वका बेलामा आवतजावत गर्नेको चाप बढ्दा दुर्घटना पनि बढ्नसक्ने भएकाले सो विषयमा सरोकारवालाहरूसँग छलफल भइरहेको उनले बताए । प्रवक्ता खड्काले भने, 'सडक राम्रो नहुनु, सावारीसाधनको बढी चाप हुनु, क्षमताभन्दा बढी यात्रु बोक्नु, हतारहतार गरेर यात्रु ओसारपोसार गर्नु, बिग्रिएका सवारीसाधनहरू पनि सञ्चालन गर्नुलगायतका कारण चाडपर्वमा बढी दुर्घटना हुने गरेको छ । त्यसलाई न्यूनीकरण गर्ने विषयमा सम्बन्धित निकायसँग छलफल भइरहेको छ ।'

(क्रमशः पृष्ठ २ मा)

# सहकारी ठगीमा 'निर्दोष' रहेको रविको जिकिर

## टीकापुर, बाँसबारी जग्गा, बालमन्दिर, गिरिबन्धुलगायतका प्रतिवेदन पनि यथाशीघ्र कार्यान्वयन गर्न सरकारलाई चुनौती

■ **जेबी योञ्जन**

**काठमाडौं–** सहकारीको बचत अपचलनसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदनका आधारमा नेपाल प्रहरीले गोरखा मिडिया नेटवर्कका एक जना संस्थापक छविलाल जोशीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । पूर्वडिआइजी जोशी पक्राउपछि उनका पूर्वसाझेदार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने निकै छटपटीमा देखिन्छन् । लामिछानेलाईसमेत पक्राउ गर्न लागिएको हल्ला चलेपछि रास्वापाका नेता कार्यकर्ताहरु सरकारविरुद्ध आक्रोशित बनेका छन् ।

सभापति लामिछाने स्वयं आफूले संसदीय समितिको प्रतिवेदनबाट 'क्लिन चिट' पाएको दाबी गर्दै आफू दोषी नभएको सावित गर्न लागिपरेका छन् । मंगलबार पुनः उनले सहकारीको बचत अपचलनमा आफ्नो संलग्नता नभएको जिकिर दोहोऱ्याए । संसदीय छानबिन समितिले कारबाही सिफारिस गरेअनुसार प्रहरीले पक्राउ गर्न लागेको चर्चाबीच उनले आफू सहकारी ठगीमा संलग्न नरहेको प्रस्टीकरण दोहोऱ्याएका हुन् ।

उनले सामाजिक सञ्जाल फेसबुक लाइभमामार्फत मंगलबार साँझ भने, 'छानबिन समितिले सहकारीको रकम दुरुपयोगमा वा पैसा ल्याउनमा व्यक्तिगतरुपमा रवि लामिछानेको संलग्नता छैन भन्ने कुरा स्पष्टसँग बताएको छ । तर, आफू कार्यरत रहेको बेला पैसा आएको हुनाले त्यसको चाहिँ कानुनी कारबाहीको भागिदार हुनुपर्छ है भनेको कुरालाई हामीले नकार्न मिल्दैन ।'

उनले समितिले औंल्याएअनुसार आफू कार्यरत रहेको बेला आएको बचतको अपचलनको विषयबाट भने भाग्न नमिल्ने स्वीकार गरे । तर, सहकारीबाट बचत ल्याउने कुरामा अरु नै जिम्मेवार रहेको बताए । उनले भनेका अरुमा गोर्खा मिडियाका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राई, सञ्चालक कुमार



रम्तेल, छविलाल जोशीलगायत हुन् ।

सहकारीबाट बचत ल्याएर ठगी गर्ने कार्यमा उनीहरूकै संलग्नता रहेको रविको भनाइ छ । आफू भने चोखो भएको उनको दाबी छ । 'सहकारी ठगीमा हाम्रो संलग्नता छैन । प्लिज एसेप्ट सर । छैन । नथिङ,' लामिछानेले भने ।

उनले छलछामबाट तर्साउन नखोज्न सरकारलाई चेतावनी दिए । प्रहरी नघुमाउन, गलत सूचना प्रवाह गरेर माहोल बनाउने, प्रहरी परिचालन गरेर आतंकित पार्ने र अदालतबाट पक्राउ पुर्जी जारी गर्न सकिन्छ कि भनेर दुष्प्रयत्न नगर्न पनि आग्रह गरे । उनले यदि अदालत जान परे जाने बताए । 'म तयार छु मेरो झोला रेडी नै छ । म कानुनी उपचारका लागि कुनै पनि निकायमा जान पर्छ ? तयार छु,' लामिछानेले भने । उनले गोरखा मिडियामा आफ्नो कार्यकालमा आएको रकमका बारेमा जुनसुकै जिम्मेवारी लिन तयार रहेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

## सहकारीको रकम फिर्ता गरे मुद्दा नचल्ने

सहकारीको बचत अपलचनमा संलग्नहरुले अदालतमा मुद्दा दायर हुनुअघि तिर्नुपर्ने रकमको साँवा ब्याज फिर्ता गरे मुद्दा नचल्ने भएको छ । महान्यायाधीवक्ताको कार्यालयले मंगलबार मिलापत्रको अवधारणामार्फत यस्तो व्यवस्था गर्ने निर्णय गरेको हो ।

महान्याधिवक्ता रमेश बडालले चेक अनादर र केही बैंकिङ कसुरमा अभ्यास भइरहेको मिलापत्रको अवधारणालाई सहकारी ऐनअन्तर्गतको कसुरमा पनि कार्यान्वयन गर्ने निर्णय गरेको बताए । नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड, २०८० अनुसार सहकारीको हकमा पनि मिलापत्रको व्यवस्था कार्यान्वयन गर्न भनिएको बडालले जानकारी दिए ।

उनले भने, 'सहकारीसम्बन्धी छानबिन विशेष समितिको प्रतिवेदनमा पनि पीडितलाई सक्दो छिटो न्याय दिलाउनु महत्त्वपूर्ण हुने भनी त्यसतर्फ नीतिगतरूपमा सम्बोधन गर्न सिफारिस भएको रहेछ । पीडितले छिटो न्याय पाउने अवस्थामा मुद्दा मामिला लम्ब्याउनुभन्दा मिलापत्र गराउने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो ।' सहकारी ठगीबारे छानबिन गर्न बनेका संसदीय छानबिन विशेष समितिले मिलापत्र गराउनुपर्ने सुझाव आफ्नो प्रतिवेदनमा दिएको थियो । महान्याधिवक्ताको यो निर्णयसँगै हाल फरार रहेका कतिपय सहकारी सञ्चालकहरू र थुनामा रहेका सञ्चालकहरूले रकम फिर्ता गरे उनीहरूलाई राहत हुने देखिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# मेडिकल व्यवसायी संघको नेतृत्वमा अर्याल




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्यपरीक्षण गर्ने मेडिकल व्यवसायीहरुको छाता संगठन नेपाल मेडिकल व्यवसायी संघमा नयाँ कार्यसमिति चयन भएको छ । संघको सातौं सधारणसभाअन्तर्गत मंगलबार राजधानीमा सम्पन्न निर्वाचनबाट तारानाथ अर्यालको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको हो ।

अध्यक्षका लागि अर्यालको मात्रै उम्मेदवारी परेपछि सर्वसम्मत चयन भएको प्रमुख निर्वाचन अधिकृत किरण शाह ठकुरीले जानकारी दिए । नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा चन्द्रकला दाहाल, उपाध्यक्षमा दिवाकर गौतम, महासचिवमा कृष्णप्रसाद बजगाईं, सचिवमा पंकजकुमार झा र कोषाध्यक्षमा रुनुका खड्का (सदीक्षा) निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यहरुमा भरत सापकोटा, रमेश आचार्य, विष्णुमाया श्रेष्ठ, बबिन्द्र घिमिरे, विश्वराम सपकोटा, निराजन कँडेल, निरज श्रेष्ठ, सुरेशकुमार राय र आनन्द यादव चयन भएका छन् । संघको विधानअनुसार १७ सदस्यीय कार्यसमितिमा दुई जना सदस्य पछि मनोनीत गरिने संघका नवनिर्वाचित महासचिव बजगाईंले जानकारी दिए ।

संघका निवर्तमान अध्यक्ष सिताराम रेग्मी उपत्यकाबाहिर रहेका कारण उनी आएपछि नयाँ कार्यसमितिलाई प्रमाणपत्र र कार्यभार हस्तान्तरण गर्ने कार्यक्रम रहेको जनाइएको छ । यसअघि गत वैशाख २२ गते सम्पन्न साधारणसभामार्फत संघमा सर्वसम्मत कार्यसमिति चयनका लागि पहल भए पनि सहमति जुट्न नसक्दा निर्वाचनका सबै प्रक्रिया स्थगित भएको थियो । यद्यपि, ढिलै भए पनि निरन्तरको छलफल र प्रयासबाट सर्वसम्मतरुपमै कार्यसमिति चयन गर्न सफल भएको महासचिव बजगाईंले बताए ।

## 'सिण्डिकेटविरूद्ध व्यवसायीलाई एकताबद्ध गराउँछु'



■ **तारानाथ अर्याल**
**नवनिर्वाचित अध्यक्ष**

व्यवसायी साथीहरुले सर्वसम्मतरुपमा कार्यसमिति चयन गरेर नेतृत्व गर्ने जिम्मेवारी दिनुभएको छ । यसर्थ व्यवसायी हक हितका लागि स्थापना भएको संघलाई एकताबद्ध गराएर लैजाने मेरो कर्तव्य हुन आउँछ । यो दुई वर्षे कार्यकालमा कुनै पनि किसिमको राजनीतिक रङ संघभित्र प्रवेश हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गर्दछु । यहाँ हुने भनेको व्यावसायिक हकहित र वैदेशिक रोजगारीमा जाने कामदारको गुणस्तरीय स्वास्थ्य परीक्षणको अभ्यासमात्रै हो । मेडिकल व्यवसायका क्षेत्रमा थुप्रै समस्या र चुनौती छन् ।

(क्रमशः पृष्ठ २ मा)

## 'गुणस्तरीय स्वास्थ्य परीक्षण सुनिश्चित गर्न पहल गर्छु'



■ **कृष्णप्रसाद बजगाईं**
**नवनिर्वाचित महासचिव**

मेडिकल व्यवसायमा भएका चुनौती र समस्या समाधानका लागि यो नयाँ कार्यसमितिले म्याण्डेड पाएको छ । यसका लागि सबै व्यवसायी एकजुट भएर हातेमालो गर्नुपर्ने आवश्यकता छ । मैले महासचिवको भूमिका निर्वाह गर्दैगर्दा पेसागत एवं व्यावसायिक सुरक्षाका लागि नेपाल सरकार तथा सरकारी संयन्त्रसँग बलियो सम्बन्ध स्थापित गर्नुपर्ने छ । वैदेशिक रोजगारीमा जाने कामदारहरुको गुणस्तरीय स्वास्थ्य परीक्षणको भरपर्दो आधार निर्माण गर्न र नीतिगत त्रुटिहरुलाई सुधार गर्नु पहिलो मुद्दा हो ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### सहकारी ठगीमा...

'म कार्यरत रहँदा आएको पैसा गैरकानुनी रहेछ भने त्यो कुराको नैतिक, कानुनी र आर्थिक जे पनि लिन म तयार छु,' उनले भने, 'किनकि यो त रिपोर्टले भन्यो । प्रतिवेदनले भन्यो । यद्यपि यो राजनीतिक प्रतिवेदन हो ।' लामिछानेका पूर्वसाझेदार जोशी हाल पोखरामा छन् । त्यहाँ उनलाई हिरासतमा लिएर अनुसन्धान गर्न सोमबारमात्रै पाँच दिनको म्याद थप भएको छ । प्रहरीले उनको बयान लिइरहेको छ । जोशीको पक्राउपछि लामिछाने आत्तिएका थिए । उनले काठमाडौंमा उपलब्ध पार्टीका नेता कार्यकर्तालाई आइतबार नै पार्टी कार्यालय वनस्थली बोलाएका थिए । सोमबार पनि पक्राउ पर्ने डरले उनले कार्यकर्ता जम्मा गराएका थिए ।

लामिछानेले सहकारी ठगीसम्बन्धी संसदीय समितिको प्रतिवेदन सार्वजनिक हुनेबित्तिकै कार्यान्वयन थालेकोप्रति व्यंग्यात्मक शैलीमा खुसी व्यक्त गरे । आफूलाई केन्द्रित गरेर तत्कालै कार्यान्वयन थालेको उनको संकेत थियो । उनले अन्य प्रतिवेदन पनि यसैगरी यथाशीघ्र कार्यान्वयन गर्न सरकारलाई चुनौती दिए ।

'सहकारीको बचत अपचलनबारे संसदीय छानबिन समितिको प्रतिवेदन आउनासाथ कार्यान्वयन थालेको छ, सरकारले । छविलालजी पक्राउ पर्नुभयो । यसरी काम हुनुपर्छ । भेरी गुड । हरेक प्रतिवेदन कार्यान्वयनमा यसै गर्नुपर्छ । क्लोज गर्न पाइन्न,' उनले भने, 'टीकापुर, बाँसबारी जग्गा, बालमन्दिर, गिरिबन्धुलगायत कयौं प्रतिवेदन छन्, ती प्रतिवेदन पनि यथाशीघ्र कार्यान्वयनमा ल्याओस् ।'

सरकार आफ्नो राजनीतिक भविष्य समाप्त गर्न केन्द्रित रहेको उनको आरोप छ । त्यही भएर त संगठित अपराधमा मुद्दा हाल्न मिल्छ कि भनेर चलखेलमा सरकार रहेको टिप्पणी गरे ।

'कहीं संगठित अपराधको मुद्दा लगाउन सकिन्छ भनिएको छ तर सरकारले यसमा चलखेल नगरोस् । मेरा यतिमात्रै बिन्ती छ साढे दुई वर्षसम्म ठगीमा कहीं कतै देखिएन । अदालतमा मुद्दा गइसकेको छ । समिति बनाउँदा पनि सहकारीको पैसा अपलचन गरेको देखिएन भनिसकेपछि अब कम्पनी ऐनअनुसार आउला,' उनले जिकिर गरे ।

लामिछाने यसअघि प्रबन्ध निर्देशक भएर काम गरेको गोरखा मिडिया नेटवर्कमा विभिन्न सहकारीबाट ६५ करोड रुपैयाँभन्दा बढी बचत रकम गएको देखिएको छ । उक्त रकम खर्चमा लामिछानेसमेत जिम्मेवार रहेको ठहर गर्दै समितिले कानुनी कारबाहीका लागि सरकारलाई सिफारिस गरेको छ । यद्यपि, लामिछानेले भने क्लिन चिट पाएका भन्दै पन्छिने प्रयास गर्दै आएका छन् ।

● ● ●

### सहकारीको रकम...

बागलुङको ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपाली सहकारी बचतकर्ताको एक अर्ब ८० करोड रुपैयाँ अपचलन गरी फरार छन् । फरार अवस्थामै संसदीय समितिलाई हुलाकमार्फत पत्र पठाउँदै उनले आफू रकम तिर्न तयार रहेको र त्यसका लागि वातावरण बनाउनुपर्ने माग गरेका छन् । महान्यायाधिवक्ता बडालको यो निर्णयले उनी पक्राउ पर्नबाट जोगिनसक्ने देखिएको छ । यस्तै अवस्थामा रहेका अन्य सहकारी सञ्चालकहरूले राहत पाउने देखिएको जानकारहरुले बताएका छन् ।

● ● ●

### शनिबारदेखि अग्रिम...

'सार्वजनिक सवारीसाधनमा यात्रा गर्दा अनिवार्य रूपमा टिकट लिएर मात्र यात्रा गर्न र सम्बन्धित काउन्टरबाट यात्रुको परिचय खुल्ने विवरणसहितको चलानी लिएर मात्र सवारी सञ्चालन गर्ने, सवारी चालकले यात्रुलाई खाना/खाजा खुवाउने स्थानमा भीडभाड नहुने गरी व्यवस्था गर्ने/गराउने निर्णय गरिएको छ,' प्रवक्ता पनेरुले भने, 'अनधिकृत काउन्टर, परिचयपत्र, पोसाक नभएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतया: नियन्त्रण गर्ने/गराउने, मुख्य सडकलाई मर्मतसम्भार गरी यातायात सञ्चालनलाई सहज बनाउन सम्बन्धित निकायलाई अनुरोध गरी पठाउने निर्णय पनि भएको छ ।'

यसैगरी यातायात आवागमन सहज बनाउन खाद्यान्नलगायत अत्यावश्यक वस्तुहरूको ढुवानी गर्नेबाहेकका ट्रेलरलगायत ठूला सवारीसाधन असोज १७ गते घटस्थापनादेखि कात्तिक १ गते पूर्णिमासम्म नारायणघाटदेखि काठमाडौंसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय भएको छ । 'तथापि प्रचलित कानुनबमोजिम आयात गर्ने मालबाहक सवारीको हकमा भन्सार प्रज्ञापनपत्र र निर्यात गर्ने मालबाहक सवारीको हकमा नियमअनुसारको राजस्व तिरेको रसिद हेरी तेस्रो मुलुकका आयात/निर्यातजन्य ढुवानीका साधन भन्सार कार्यालय बन्द रहने अवधिबाहेक नारायणगढदेखि काठमाडौंसम्मको सडकखण्डमा आवतजावतमा रोक नलगाउने निर्णय भएको छ,' प्रवक्ता पनेरुले भने । यात्रुवाहक सवारीसाधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुनेगरी रुट परमिट खुला गरिने उनले बताए । तर कुनै बाटोको विशेष प्रकृतिका कारण त्यहाँ सञ्चालन निषेध गरिएका आकार-प्रकारका सार्वजनिक सवारीहरूलाई भने बन्देज कायमै रहने उनको भनाइ छ ।

पनेरुकाअनुसार उपत्यका आउने र बाहिरिने प्रमुख स्थानलगायत देशभर मादक पदार्थ सेवन र लागुपदार्थ सेवन गर्ने सवारी चालकको स्वास्थ्य अवस्थाबारे चेक जाँच गर्ने/गराउने र सेवन गरेको पाइएमा निजको सट्टा व्यवसायीले अर्को चालकको व्यवस्था गर्नुपर्ने निर्णय भएको छ । यात्रुहरूलाई सहजीकरण गर्न उपत्यकाको नागढुंगा, कलंकी, स्वयम्भू, हलचोक, माछापोखरी, नयाँ बसपार्क, चावहिल, तिलगंगा, कोटेश्वर, जगाति, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा तथा काभ्रेको साँगामा सिप्रदी/नाडाको सहयोग र काठमाडौं महानगरपालिकाको सहकार्यमा नागरिक सहायता कक्ष स्थापना गर्नेसमेत बैठकले निर्णय गरेको विभागले जनाएको छ ।

● ● ●

### उपत्यकाबाट १८....

खड्काकाअनुसार सम्भावित दुर्घटनाका विषयमा उपत्यकाका तीनै जिल्लाको सहकार्यमा एकीकृत सुरक्षा योजना तर्जुमा भइरहेको छ । दसैंमा सजकतापूर्वक जाँच गरेर कडाइका साथ नियम पालना गराउन आफूहरू लागिपर्ने उनले बताए । प्रवक्ता खड्काले चाडवाडका बेलामा सवारी चालक एवं सहचालकलाई अझ बढी होसीयारी पुऱ्याउन र यात्रुलाई पनि सजगरहन आग्रहसमेत गरे ।

### चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्न निर्देशन

निमित्त प्रहरी महानिरीक्षक टेकप्रसाद राईले चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिएका छन् । नेपाल प्रहरीको प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यममार्फत सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुखलाई उनले यस्तो निर्देशन दिएका हुन् ।

निमित्त प्रहरी महानिरीक्षक राईले आपराधिक क्रियाकलाप हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन, त्यस्ता गतिविधिको सूचना संकलन तथा विश्लेषण गरी प्रभावकारी रूपमा प्रहरी परिचालन गर्न पनि निर्देशन दिए । उनले चाडपर्वको समयमा सवारी दुर्घटना न्यूनीकरणका लागि सरोकार भएका सबै पक्षसँग समन्वय र सहकार्य गर्न आग्रह गरे । 'चाडपर्व लक्षित चेतनामूलक कार्यक्रम सञ्चालन गर्न र आ-आफ्नो क्षेत्रमा तस्करी नियन्त्रणका लागि थप सक्रिय भई काम गर्नुस् । नागरिक सेवा चुस्त बनाउँदै प्रहरीप्रति थप भरोसा र विश्वास बढाउने गरी केन्द्रित हुन आवश्यक छ,' उनले भने ।

● ● ●

### गुणस्तरीय स्वास्थ्य...

यसमा सबै व्यवसायीको साथ सहयोग र सहकार्यका लागि आग्रह गर्दछु । यस्तै विभिन्न प्रारुपमा रहेका मेडिकल व्यवसायीका संगठनहरुलाई एउटै छाता संगठन बनाउनेसम्बन्धमा सहजीकरण गर्न भरपुर पहल गर्ने छु । गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा कुनै सौदावाजी नगर्न नगराउन संघको तर्फबाट आवश्यक मापदण्ड बनाइने छ । विदेश जाने कामदारको स्वास्थ्य परीक्षण भइरहेको सिण्डिकेटका विरुद्ध लड्दै सबै स्वास्थ्य संस्थाले सबै मुलुकका लागि स्वास्थ्य परीक्षण गर्न पाउने अधिकार स्थापित गराउन पैरवी गरिने छ । व्यवसायको दायरा फराकिलो पार्दै संघीय संरचनाअनुसार संघलाई प्रदेशहरुमा पनि विस्तार गर्न पहल गरिने छ । यस्तै संघलाई अन्य क्षेत्रका संघसंस्था जस्तै प्रतिस्पर्धी र स्थापित बनाउन प्रविधिमैत्री बनाएर लैजाने प्रतिबद्धता व्यक्त गर्दछु ।

● ● ●

### सिण्डिकेटविरुद्ध...

यसको समधानका लागि व्यवसायीहरुलाई एकताबद्ध गराउने र सहकार्यका साथ संघलाई अगाडि बढाउनुपर्ने छ । अहिले नेतृत्वमा पुग्ने अवसर आएका कारण अझै जिम्मेवारी थपिएका छन् । यदि व्यवसायीहरु नै कमजोर हुन्छन् भने सेवाग्राहीको सुरक्षा गर्न कठिन हुन्छ । व्यवसायमा केही लिकेजहरु पनि छन् त्यसलाई टाल्नुपर्ने अवस्था छ । एउटै प्रकृतिका व्यवसायहरुलाई सिण्डिकेसन गरिएको छ । यसकाविरुद्ध पनि सबै व्यवसायीलाई एकताबद्ध हुन र संघको कार्य सम्पादनका क्रममा कुनै कमीकमजोरी हुन पुगेमा सचेत गाराउन आग्रह गर्दछु ।


नेपाल सरकार
भुमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा

**३५ दिने सार्वजनिक सूचना**

जिल्सलाही साविक गा.वि.स. पत्थरकोट वार्ड नं. ८ हाल लालबन्दी न.पा. वार्ड नं.-१२ मा बस्ने **जित बहादुर थिङ** चाउँको हकदावी गर्न आउने वारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. पत्थरकोट वार्ड नं.-९ हाल लालबन्दी न.पा. वार्ड नं.-१२ मा बस्ने **अमृत लाल बोम्जन**को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. पत्थरकोट वार्ड नं.-४ ख कि.नं. ११० को क्षेत्रफल ०-२-० जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स. पत्थरकोट वार्ड नं. ८ हाल लालबन्दी न.पा. वार्ड नं. १२ मा बस्ने **जित बहादुर थिङ**को नाम उल्लेख रहेकोमा जग्गा धनीले **मरुवा मोही लगत कट्टा** गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/२/१७ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरूवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०२/२६ मा दर्ता भएको प्रा.लि. १६९५०३ को **बेष्ट एक्सचेञ्ज हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८१/०६/०९**

यस कम्पनीको मिति २०८१/०६/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.डी.एफ.सी. फ्रुट सेन्टर प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बि.टि. मल्टिपर्पोज प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०६/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.टि. मल्टिपर्पोज प्रा.लि.**(प्रा.लि.नं.३१३२८३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## श्रीलंकाका लागि प्रस्तावित राजदूतको नाम अस्वीकृत

**काठमाडौं (प्रस)–** संघीय संसद्को संसदीय सुनुवाइ समितिले श्रीलंकाका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको नाम अस्वीकृत गरेको छ । समितिको मंगलबारको बैठकले प्रस्तावित राजदूत भट्टराईको नियुक्तिका लागि आवश्यक शैक्षिक योग्यतासम्बन्धी कागजात उपलब्ध नभएको र प्रस्तावित व्यक्ति स्वयंले नाम फिर्ता लिन निवेदन दिएकाले उनको नाम सर्वसम्मतिबाट अस्वीकृत गरेको हो ।

यसअघि मंगलबार नै प्रस्तावित राजदूत भट्टराईले आफ्नो नियुक्ति प्रक्रिया अघि नबढाउन समितिमा निवेदन दिएका थिए । प्रस्तावित राजदूत भट्टराईका विषयमा निर्णयमा पुग्नुअघि समितिले उनीसँग स्नातक तहको शैक्षिक योग्यताको प्रमाणपत्र माग गरेको थियो ।

प्रस्तावित राजदूतको उक्त निवेदनलाई समेत आधार मानेर समितिले नाम अस्वीकृत गरेको समिति सदस्य श्याम घिमिरेले जानकारी दिए । 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिकाअनुसार आवश्यक कागजात उपलब्ध गराउन असमर्थ भएका हुँदा मैले आफ्नो उम्मेदवारी फिर्ता लिएको छु भन्ने उनको निवेदनलाई आधार बनाएर नै अस्वीकृत गरिएको हो,' उनले भने ।

समितिले राजदूतलगायत राजनीतिक नियुक्तिका पदमा सिफारिस गर्दा समावेशी सिद्धान्तलाई आत्मसात् गर्न सरकारलाई निर्देशन दिएको छ । समितिले त्यस्ता व्यक्तिको योग्यता तथा आचरणका सम्बन्धमा सिफारिसअघि नै ख्याल गर्न पनि सरकारलाई ध्यानाकर्षण गराएको छ ।


**साउदीमा रोजगार** कम्पनी : Cave Man Restaurant Company for providing meals
पूर्व स्वीकृति मिति : २०८१/०६/०७ LT. No. 311215 चलानी नं. ६०२२५७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter- Restaurant | 1 | 0 | 2000 | ७१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९



**साउदीमा रोजगार** कम्पनी : MUHAMMAD SAKRAN MUHAMMAD SAKRAN TRANSPORT CORPORATION
पूर्व स्वीकृति मिति : २०८१/०६/०७ LT. No. 311210 चलानी नं. ६०२२५७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 2 | 0 | 1800 | ६४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



**कुवेत/युएईमा रोजगार** कम्पनी : Al Rehab International Company for Managing Childrens Day Nurseries
पूर्व स्वीकृति मिति : २०८१/०३/०८ LT. No. 311217 चलानी नं. ६०२२१३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 30 | 120 | ५३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAERAJ GENERAL TRADING CO.LLC
पूर्व स्वीकृति मिति : २०८०/०८/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०८ LT. No. 295971 चलानी नं. ६०२११०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk. | 1 | 1 | 2100 | ७६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bricklayer Assistant | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Carpenter Assistant | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 4 | Construction Carpenter | 5 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Electrician | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 6 | Molding Maker/stone Mason/concrete Mason | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 7 | Plumber Assistant | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 8 | Wiring/domestic Electrician Assistant | 7 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



**बहराइनमा रोजगार** कम्पनी : Red Panda Business Services WLL
पूर्व स्वीकृति मिति : २०८१/०५/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०८ LT. No. 291785 चलानी नं. ६०२२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 150 | ५३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Marketing Manager | 0 | 1 | 200 | ७१,०७० | | | | | | | |
| 3 | Office Clerk | 0 | 1 | 120 | ४२,६४५ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 150 | ५३,३०५ | | | | | | | |
| 5 | Supervisior | 1 | 0 | 180 | ६३,९६५ | | | | | | | |
| 6 | Worker | 5 | 0 | 120 | ४२,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४
INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ०९ असोज, २०८१

| | |
|---|---|
| मेष | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| वृष | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| मिथुन | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| कर्कट | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| सिंह | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कन्या | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| तुला | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| वृश्चिक | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| मकर | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| कुम्भ | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| मीन | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ असोज, २०८१ (२५ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# विपीन जोशीको रिहाइका लागि विश्व समुदायको ध्यानाकर्षण

**काठमाडौं–** संयुक्त राष्ट्रसंघको ७९औं महासभामा सहभागी हुन न्युयोर्कमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले अतिवादी समूह हमासको नियन्त्रणमा रहेका विपीन जोशीको सकुशल रिहाइका लागि प्रयास गर्न विश्व समुदायसँग आग्रह गरेकी छन् ।

सोमबार भएको असंलग्न आन्दोलन (नाम)को मन्त्रिस्तरीय बैठकमा उनले जोशीको रिहाइका लागि विश्व समुदायको ध्यानाकर्षण गराएकी हुन् । नेपाल विपीन जोशीको रिहाइको प्रतीक्षामा रहेको बताउँदै उनले त्यसका लागि सहयोग गर्न विश्व समुदायसँग आग्रह गरिन् ।

गत अक्टोबरमा ७ मा हमास समूहद्वारा इजरायलमा भएको आतंककारी आक्रमणमा १० जना नेपालीको ज्यान गएको थियो । आक्रमणपछि जोशीलाई हमासले नियन्त्रणमा लिएको थियो । सरकारले सो हमलाको निन्दा गर्दै जोशीको सकुशल रिहाइको माग गर्दै आएको परराष्ट्रमन्त्रीले बताइन् ।

विश्वशान्ति स्थापनाका लागि सामूहिक प्रयास आवश्यक भएको बताउँदै उनले भनिन्, ‘दोस्रो विश्वयुद्धपछि विश्वका धेरै स्थानमा द्वन्द्व बढेको छ । हामी इतिहासको जटिल मोडमा उभिएका छौं, सशस्त्र द्वन्द्वबाट आफ्ना नागरिकहरूको रक्षाका लागि उच्च प्राथमिकताका साथ काम गर्नुपरेको छ । जेनेभा अभिसन्धिमा हस्ताक्षर भएको ७५औं वर्षमा हामी छौं तर पनि नागरिकहरूको रक्षाका लागि यसले आत्मसात् गरेका सिद्धान्तहरूलाई बेवास्ता गरिरहेका छौं । यस्तो अवस्थाको चाँडै अन्त्य हुनुपर्छ र हामीहरू सबै शान्तिपूर्ण सहअस्तित्वको सम्मानका साथ अघि बढ्नुपर्छ ।’




परराष्ट्रमन्त्रीले गाजा, रुस र युक्रेनमा जारी द्वन्द्व तत्काल रोकेर समस्याको शान्तिपूर्ण निकास खोज्न आग्रह गरिन् । उनले गाजामा नागरिक, पत्रकार, राष्ट्रसंघीय कर्मचारी, स्वास्थ्यकर्मी तथा सर्वसाधारणको हत्या, पूर्वाधारहरूमाथिको आक्रमणको निन्दा गरिन् । मन्त्री राणाले इजरायल र प्यालेस्टाइन, रुस युक्रेन होस् या अन्य यस्ता प्रकारका द्वन्द्वहरूको समाधान रचनात्मक तरिकाबाट खोज्न र हिंसा अन्त्यका लागि दबाब दिन अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । नेपाल असंलग्न आन्दोलनको प्रतिबद्ध सदस्य भएकाले सबै देशसँग शान्ति, मैत्री र सहअस्तित्वका आधारमा सम्बन्ध विस्तार गर्न हेको बताइन् । *रासस*

# त्रिविको परीक्षामा एआई प्रतिबन्ध

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले विश्वविद्यालयद्वारा सञ्चालित जुनसुकै तहको परीक्षामा ‘आर्टिफिसियल इन्टेलिजेन्स’ (एआई)को प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुने जनाएको छ । त्रिवि परीक्षा सुधार समितिका अध्यक्ष एवं शिक्षाध्यक्ष प्राडा खड्का केसीको अध्यक्षतामा सोमबार भएको बैठकले उक्त निर्णय गरेको हो ।

त्रिविका शिक्षाध्यक्ष केसी प्रविधिको भर पर्दा विद्यार्थीमा पठन संस्कृति कमजोर हुने तथा चोर्ने प्रवृत्ति देखिएकाले परीक्षामा त्यस्ता प्रविधिको प्रयोगमा निरुत्साहित गर्ने उद्देश्यका साथ विद्यार्थीलाई सूचित गरिएको बताउँछन् । एआईका कारण विद्यार्थीको मौलिकता र सिर्जनाशीलता कमजोर हुँदै गएको तथा पढ्ने संस्कृतिलाई निरुत्साहित गरेको त्रिविको बुझाइ छ ।

‘विद्यार्थीमा पढ्ने संस्कृति कमजोर भयो, परीक्षामा पढ्ने नभई चोर्ने प्रवृत्ति बढेको, पठनपाठन गर्ने विषयलाई प्रोत्साहित तथा प्रविधिको दुरुपयोगलाई दुरुत्साहित गर्ने उद्देश्यले विद्यार्थीलाई सचेत गराउने ढंगबाट सूचना जारी गरिएको हो,’ उनले भने ।

त्रिविका परीक्षा मोबाइल, स्मार्टवाचलगायत विद्युतीय सामग्रीको प्रयोगमा पूर्णतः रोक लगाइएको भए पनि कतिपय परीक्षा केन्द्रमा परीक्षार्थीले प्रविधिको प्रयोग गरी चोरी गर्ने गरेको सूचना पाइएकाले विद्यार्थीलाई सचेत गराइएको शिक्षाध्यक्ष केसीले बताए ।

यसैबीच, विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र, शिक्षा, व्यवस्थापन, कानुन संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गतका विद्यार्थीका हकमा वार्षिक प्रणालीअन्तर्गत २०५८ देखि र सेमेस्टर प्रणालीअन्तर्गत २०६९ देखिका समयसीमा पार गरेका परीक्षार्थीलाई एकपटकका लागि मौका परीक्षाको अवसर दिइएको जनाएको छ ।

---

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
## Department of Roads
Federal Roads Supervision and Monitoring Office, Damak
## Gaighat Diktel Road Project
Gaighat, Udayapur

# Invitation for Bid

*Invitation for Bids No: 01-2081/82*
*Date of publication: 2081/06/09*

1. ***The Government of Nepal (GoN) has allocated funds*** to cover eligible payments under the Contract ***Maintenance of black top road with structural works at road section from Ch. 0+000 to 0+944 (Gaighat Bazaar) and road section from Ch. 16+200 to 20+000 along Gaighat Diktel Road, Udayapur.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Gaighat Diktel Road Project, Gaighat, Udayapur*** invites electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures for the procurement of works specified as under. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S.N. | Contract Identification No./Work Description | Minimum Average Annual Construction Turnover, NPR | Specific Experience Requirements | Bid Capacity, NPR | Bid Security Amount, NPR | Bid Document Fee, NPR |
|---|---|---|---|---|---|---|
| 1. | *Maintenance of black top road with structural works at road section from Ch. 0+000 to 0+944 (Gaighat Bazaar) and road section from Ch. 16+200 to 20+000 along Gaighat Diktel Road, Udayapur, Contract No: GDRP/337011014/081/82-01* | 127 million | As stated in Section III: EQC of Bid Document | 84.4 million | 2,500,000.00 | 5,000.00 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Gaighat Diktel Road Project, Gaighat, Udayapur*** or may visit PPMO e-GP system: www.bolpatra.gov.np/egp. The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at ***Gaighat Diktel Road Project, Gaighat, Udayapur*** are as follows:

| Pre-Bid Meeting Date | Last Date and Time of Submission of e-bids | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|
| 4th October 2024 (2081.06.18) 13:00 Hrs. | 25th October, 2024 (2081.07.09) 12:00 Hrs. | 25th October 2024 (2081.07.09) 13:00 Hrs.. | 90 Days from the Day of Bid Opening | Min. 30 Days Beyond the Bid Validity Period |

3. Bids received after this deadline will be rejected.
4. Bidder must submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's e-GP system *www.bolpatra.gov.np/egp*. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the Project's Rajaswa (revenue) account as specified below:

| Information to deposit the cost of Bidding Document in Bank | Information for the Cash Deposit of the Bid Security Amount |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank Ltd.<br>Name of Office : Gaighat Diktel Road Project.<br>Office Code no. : 337011101<br>Office Account no.: 1000200010000<br>Rajaswa (revenue) Shirshak no. : 14229 | Office Name: Treasury Controller Office, Udayapur.<br>Bank Name: Rastriya Banijya Bank Ltd<br>Bank Address: Gaighat, Udayapur.<br>Account Number: 20900102030000<br>Office Code: 337011101 |

5. Bank Guarantee shall be in the format as specified in the Bidding Document.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The bidders are strongly advised to visit the site before bidding.
8. Any matters not covered in this Bidding Document shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064(*with amendments*).
9. Any amendment in the tender notice shall be posted in the notice board of the Project office and PPMO's website: www.bolpatra.gov.np/egp.
10. The Employer reserves rights to accept or reject bid(s) wholly or partially without assigning any reason, whatsoever.

**Project Chief**

---

## मौलापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पतौरा, रौतहट
मदेश प्रदेश नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी आह्वानको सूचना

(प्रकाशित मिति २०८१/०६/०८ गते)

यस कार्यालयको आ.ब. २०८१/०८२ को लागि मिति २०८१/०५/०६ गते को जन सवाल राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरू मध्ये न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्रही देखिएका तपशिल बमोजिमका बोलपत्रहरू स्वीकृतिका लागि छनौट भई आशयपत्र दिने निर्णय भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | बोलपत्र दाताको नाम | कबोल गरेको अंक (भ्याट सहितको) |
|---|---|---|---|
| १. | स्यानिटरी प्याड ०१/२०८१/०८२ | बिजय मेडिसीन सप्लायर्स गौर- ०५, रौतहट | २३,९२,३२३.७९/- |

प्रमुख प्रशासकीय अधिकृत

---

## युएईमा रोजगार
कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | पून : विज्ञापन स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 294811 | चलानी नं. ६०२२०४१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,८१५ | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५९,२५० | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,७५५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५४,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६५२/०८०/०८१
**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

---

## कुवेतमा रोजगार
कम्पनी : Communication Company for Delivering Consumer Orders

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 311243 | चलानी नं. ६०२२५७५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 30 | 0 | 150 | ६५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६०२/०७९/०८०
**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222, 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

---

## कुवेतमा रोजगार
कम्पनी : Al-rabeea Al-daem Agricultural Contracting Co./ Klaib Baddah Almutairi & Partners

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 311241 | चलानी नं. ६०२२५७५४

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338, Fax: 01-4362338,
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60



## युएईमा रोजगार
कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 311191 | चलानी नं. ६०२२५७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 900 | ३२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Host | 50 | 50 | 1600 | ५८,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14, Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## युएई/कतारमा रोजगार
कम्पनी : LALI GURANS BEST EVENT MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 311214 | चलानी नं. ६०२२५७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 5 | 800 | ३२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Workers/Waiter | 5 | 0 | 1200 | ५८,२६० | | | | | | | |

कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०८ | LT. No. 301902 | चलानी नं. ६०२१६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 13 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 6 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour Services | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा रोजगार
कम्पनी : Cement Products Industry Co.

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 311039 | चलानी नं. ६०२२५७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operating General Laborer | 1 | 0 | 3300 | ११७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Haya Daif Allah Al Otaibi Commercial Company

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 310956 | चलानी नं. ६०२२५७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd.
श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411
9844661381, 9815039898, 9813413654, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## युएईमा रोजगार
कम्पनी : A I G Technical & Electromechanical Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०७ | LT. No. 311209 | चलानी नं. ६०२२५७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 2 | 0 | 1200 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 3 | Plumber | 3 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 4 | Steal Fixer | 3 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 5 | Stone Mason | 2 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 6 | Tile Layer | 2 | 0 | 1500 | ४३,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १६ गते (2nd Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम इजाजत नं. ४१५/०६०/६१

प्रभाव दैनिक




## पूर्णिमालाई सर्वोत्कृष्ट गायिकाको अवार्ड

गायिका पूर्णिमा लामा 'सर्वोत्कृष्ट गायिका अवार्ड २०२४'बाट सम्मानित भएकी छन् । 'विश्व संस्कृति तामाङ तथा नेपाली म्युजिक अवार्ड २०२४'मा उनले 'जीवनको यो आफ्नै नाटक' बोलको गीतबाट आधुनिक तथा पप गायिका विधामा सर्वोत्कृष्ट गायिका अवार्ड प्राप्त गरेकी हुन् । कार्यक्रममा गीतसङ्गीत क्षेत्रका करिब एक दर्जन बढी गायक गायिकाले विभिन्न विधामा अवार्ड प्राप्त गरेका थिए । अवार्डले गायनमा लाग्न थप हौसला र प्रेरणा मिलेको गायिका लामा बताउँछिन् । करिब डेढ दशकदेखि गायनमा निरन्तर सक्रिय गायिका लामाका 'हिजोसम्म मलाई माया', 'डाँडापारि मेरो माया', 'आमा', 'भाग्यले नि छल्छ', 'मुटु जली खरानी भो' सहित करिब सात सय बढी गीत बजारमा आएका छन् ।



बुधबार ०९, असोज २०८१ (Wednesday, September 25, 2024)

# 'आँखा'को ट्रेलर सार्वजनिक
## असोज ११ बाट देशभर प्रदर्शन हुँदै





■ प्रभाव संवाददाता

**काठमाडौं–** फरक कथावस्तुमा तयार भएको नेपाली चलचित्र 'आँखा'को ट्रेलर सार्वजनिक भएको छ ।

म्युजिक नेपालको युट्युब च्यानलबाट सार्वजनिक भएको साढे २ मिनेट लामो ट्रेलरले बागमती नदी किनारको सुकुम्बासी बस्तीमा बस्दै आएका मानिसको कथालाई सिनेमाले भावनात्मक रूपमा उठान गरेको छ । असोज ११ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'आँखा' लाई जौन योन्जनले लेखन तथा निर्देशन गरेका हुन् ।

यसअघि सार्वजनिक टिजर र गीतलाई उत्कृष्ट प्रतिक्रिया मिल्दा निर्देशक योन्जनले सिनेमाको कथावस्तुलाई संक्षिप्त वर्णन गर्दै ट्रेलरलाई पनि सोहि प्रकृतिले सुन्दर बनाउने प्रयास गरेका छन् । भुइँमान्छेको कथा प्रस्तुत गरिएको ट्रेलरमा फोहोरमा राजनिति र दुई वर्गबिचको खाडल देख्न सकिन्छ ।

चलचित्रमा स्मिता लामिछाने, आरके मेहता, निशा अधिकारी, बुद्धि तामाङ, विजय बराल, सरोज खनाल लगायतका कलाकार हरूको अभिनय रहेको छ । चलचित्रमा मुख्य भुमिकामा स्मिता लामिछाने र आर के मेहता देखिन्छन् । लामिछानेले यसअघि बाह्र सत्ताईस, म राजेश हमाल लगायतका थुप्रै चलचित्रहरुमा अभिनय गरिसकेकी छिन् भने आर के मेहताले यसै चलचित्रमार्फत् डेब्यु गरेका छन् । उनले यो चलचित्रको लागि १५ किलो वजन घटाएका थिए ।

रंगमञ्चमा लामो समय सक्रिय मेहताले शिल्पी थिएटरमा जेसिमो बेटा भर्सन, कोमा, माफिपा लाखे, नारी, के लाग्यो हाल्का ले, एल्लो कमेडी जस्ता थुप्रै नाटकहरु गरेका थिए । उनी 'हारजित' 'वीच', 'जिउँदो आकाश' नाटकका अभिनेता तथा निर्देशक पनि हुन् । उनले इटालीमा एकडेमिया डेल् आर्ते मा फिजिकल थिएटरको डिप्लोमा गरेर त्यही प्रशिक्षण पनि दिएका थिए । इटालीमा पनि उनले धेरै प्रदर्शनहरू गर्नुका साथै नेपालको मण्डला थिएटर, कान्तिपुर फिल्म एकेडेमी, एनएफडीसी, पिफिटमा पनि ओर्कसप दिएका थिए ।

लामा सिनेमाजको ब्यानर तथा ढाका टोपी फिल्म्स, कार्यक्रम नेपाल, साइलेन्ट एक्ट र ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा यो चलचित्र निर्माण गरिएको हो ।

सम्पादन कृष्ण भण्डारीले गरेका छन् भने छायाङ्कन आलोक शुक्लाको रहेको छ । सुकुम्बासी बस्तीमा बस्दै आएको घर सम्पतिविहिन दम्पतिले जीविकोपार्जनको लागि गर्नुपरेको संघर्ष र त्योबीचमा उत्पन्न परिस्थितिलाई सिनेमाको कथावस्तु बनाइएको छ ।

# निर्माता राईले दिए आमन्त्रण
## गोल्डकपलाई सुन र चाँदीजडित ट्रफी

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिल्म निर्माता तथा नेपाल चलचित्र विकास बोर्ड अन्तर्गत आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिका संयोजक ज्योतिराज राईले 'सातौं बेलबारी आरजु राईस अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप'का लागि २ तोला सुन र २ किलो ५ सय ग्राम चाँदी जडित रनिङ ट्रफी प्रदान गरेका छन् । आइतबार बेलबारीमा आयोजित एक बिशेष समारोहबिच उनले गोल्डकपका लागि रनिङ ट्रफी आफैले निर्माण गरेर आयोजकलाई प्रदान गरेका हुन् । एल एक्स सिटी फुटबल क्लब अध्यक्ष बीक्रम बान्तावा राई र बेलबारी नगरपालिकाका मेयर दिल प्रसाद राईले ट्रफि बुझेका थिए ।

निर्माता राईले उक्त ट्रफी आफ्ना स्व. बुवा मेजर एन.बि. रुङमाहाङ राईको स्मृति निर्माण गरिएको हो । ट्रफि निर्माणमा उनलाई परिवारका सदस्य पोपिराज राई, पवित्रा राई, सरला राई र नानू राईले साथ दिएका छन् ।

कार्यक्रममा राईले ट्रफी तयार गर्न करिब ८ लाख रुपैयाँ लागेको जानकारी गराए । 'खेलाडीहरुको हौसलाका लागि मैले ट्रफि बनाएको हो', राइले भने 'आगामी दिनमा पनि जे सक्छु खेलाडीको हौसलाका लागि सहयोग गर्छु ।' उनले २०४८/०४९ सालमा आफ्ना बुवाको नाममा नकआउट फुटबल खेल आयोजना गरेको स्मरण गरे ।

निर्माता राईबाट प्राप्त ट्रफी तीन पटक लगातार विजेता बन्ने टोलीलाई ट्रफीको मुल्य अनूरूपको रकम प्रदान गर्ने आयोजकले जनाएको छ । कार्यक्रममा ट्रफी बेलबारी नगरपालिकाका मेयर दिल प्रसाद राइ र निर्माता राईको हातबाट अनावरण समत भयो ।

'सातौं बेलबारी आरजु राईस अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप' मोरङको बेलबारी नगरपालिका - ११ लक्ष्मी खेल मैदानमा असोज ११ गतेदेखि १९ गतेसम्म आयोजना हुदैछ । प्रतियोगिताको आयोजना एल एक्स सिटी फुटबल क्लबले गर्दैछ । खेलकुदले स्थानीय खेलाडी र खेलकुदप्रेमीहरूलाई प्रोत्साहन प्रदान गर्ने विश्वास गरिएको छ ।

# 'मिस एण्ड मिसेस युनिभर्सल २०२४'मा १२ प्रतिस्पर्धी

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'मिस एण्ड मिसेस युनिभर्सल २०२४'को अन्तिम स्पर्धामा १२ प्रतियोगी भिड्ने भएका छन् । आयोजक पार्कल इन्टरटेन्मेन्टले प्रतियोगिताको ट्यालेन्ट राउण्ड आयोजना गर्दै अन्तिम प्रतियोगी समेत सार्वजनिक गरेको हो ।

फाइनलका १२ प्रतिस्पर्धीमा पनि मिसतर्फ ६ जना र मिसेसतर्फ ६ जना रहेका छन् । यीमध्येबाट दुई विजेता र अन्य उपविजेता चुनिनेछन् । प्रतियोगिताको ग्राण्ड फिनाले यही असोज १२ गते काठमाडौँमा एक भव्य कार्यक्रमका बिच आयोजना हुनेछ । ट्यालेन्ट शोमा प्रतिस्पर्धीहरूले नृत्य, अभिनय, गायन लगायतका कला प्रदर्शन गरेका थिए । प्रतियोगिताको यो तेस्रो सिजन हो । यो सिजनसम्म आइपुग्दा प्रतियोगीहरूलाई थप क्षमतावान् बनाउन आयोजकले विभिन्न प्रशिक्षणको समेत व्यवस्था गरेको छ । महिलाहरूको क्षमताअभिवृद्धीको अलावा समाजमा सक्षम महिलाको रूपमा अगाडि बढाउने उद्देश्य प्रतियोगिताको रहेको आयोजक संस्थाकी अध्यक्ष नितु श्रेष्ठले बताइन् ।

प्रतियोगीताका विजेताले विभिन्न अवसरका लागि नगद, र गिफ्ट समेत प्राप्त गर्न सक्नेछन् । प्रतियोगिताको कोरियोग्राफर दिक्पाल कार्की रहेका छन् ।



# साफ च्याम्पियनसिप महिला फुटबलका लागि खेलाडी छनोट



■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु मैदानमा आयोजना हुने महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताका लागि प्रारम्भिक चरणमा ४० खेलाडी छनोट भएका छन् ।

आगामी कात्तिक १ देखि १४ गतेसम्म हुने उक्त प्रतियोगिताको लागि नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले मंगलबार खेलाडी छनोट गरेका हुन् । उनले राष्ट्रिय टोलीबाट खेलिरहेका खेलाडीबाहेक राजधानीमा जारी एन्फा महिला लिग प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडीलाई समेट्दै ४० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाए । छनोट हुने नेपाली टोलीमा अञ्जली तुम्बापो सुब्बा, अन्जना रानामगर, उसा नाथ, गीता राना, अमृता जैसि, समीक्षा घिमिरे, नीसा थोकर, पुजा राणा, विमला विक, हिराकुमारी भुजेल, प्रतीक्षा चौधरी, रेणुका नगरकोटी, प्रीति राई, सरु लिम्बु र दीपा शाही छन् ।

त्यसैगरी सविता रानामगर, अनिता बस्नेत, अमिषा कार्की, विमला चौधरी, सावित्रा भण्डारी, रेखा पौडेल, रश्मीकुमारी घिसिङ, अनिता केसी, चन्द्रा भण्डारी, सरस्वती हमाल, तुलसा बोहरा, भूमिका बुढाथोकी, ममता पुन, यशोदा शाही, अञ्जली माचामसी, सुष्मा तामाङ, सुक्रिया मिया, सजिना कोइराला, नेहाकुमारी चौधरी, सजनी थोकर, अनिता लामगेल, लिला जोशी, सुशीला चौधरी, कुस्मा राई र सुनिता भुलन छनोटमा परेका छन् ।

उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा रहेको छ । नेपालको समूहमा श्रीलंका, माल्दिभ्स र भुटान रहेका छन् । त्यसैगरी समूह 'ए' मा भारत, बंगलादेश र पाकिस्तान छन् । उक्त प्रतियोगिताको खेलहरू त्रिपुरेश्वरस्थित दशरथ रंगशाला मैदानमा हुनेछ ।

**एन्फा महिला लिग**

# चन्द्राको ह्याट्रिकमा वालिङविरूद्ध आर्मीको शानदार जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** राजधानीमा जारी एन्फा महिला लिग फुटबल प्रतियोगितामा चन्द्रा भण्डारीको 'ह्याट्रिक'मा वालिङ नगरपालिकालाई पराजित गर्दै त्रिभुवन आर्मी क्लब विजयी भएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मंगलबार भएको खेलमा आर्मीले वालिङ नगरपालिकालाई ८-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । आर्मीका लागि चन्द्राका साथै विमला विक र अमिशा कार्कीले समान दुई-दई गोल गरे भने एक आत्मघाती गोल भएको थियो ।

खेलको ३८औं मिनेटमा विमलाले गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाइन् । त्यसपछि खेलको ४२औं मिनेटमा चन्द्राले गोल गर्दै आर्मीको अग्रता दोब्बर बनाइन् । उनले गोल गरेको दुई मिनेट बित्न नपाउँदै वालिङ नगरपालिकाकी खेलाडीले आत्मघाती गोल गरिन् ।

खेलको पहिलो हाफमा ३-० गोलअन्तरले अगाडि रहेको आर्मीले खेलको दोस्रो हाफमा पाँच गोल थप्यो । खेलको ५४औं मिनेटमा चन्द्राले व्यक्तिगत दोस्रो गोल गरिन् भने उनैले खेलको ७३औं मिनेटमा एक गोल थप्दै ह्याट्रिक पूरा गरिन् । त्यसैगरी, अमिशा कार्कीले ६१औं र ७१औं मिनेटमा गोल गरिन् । विमलाले खेलको ९० औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन् । खेलमा चन्द्रा 'प्लेयर अफ दी म्याच'समेत घोषित भइन् ।

जितसँगै आर्मीले आठ खेलबाट १९ अङ्क जोड्दै अङ्क तलिकाको दोस्रो स्थानमा रहेको छ । समान आठ खेल खेलेको वालिङ १२ अङ्कका साथ अङ्क तालिकाको चौथो स्थानमा छ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा जारी उक्त प्रतियोगितामा विभिन्न दश टोलीको सहभागिता रहेको छ ।

# एरिकाको भव्य स्वागत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनको हाङभावमा भएको २०औं एसियाली सिनियर कराते च्याम्पिन्सिपमा ऐतिहासिक रजत पदक जित्न सफल एरिका गुरुङसहितको कराते टोलीलाई मंगलबार भव्य स्वागत गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल कराते महासंघका पदाधिकारी, नेपाल प्रहरीका अधिकृत र खेलाडी, प्रशासन विभागका प्रमुख प्रेमबहादुर मल्ल, तालिम तथा प्रशिक्षण विभागका निर्देशक सोभितराज प्रसाईं, प्रशिक्षक, खेलाडी, परिवारजन, शुभेक्छुकलगायतले त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरे ।

विमानस्थलमा स्वागतपछि टोलीलाई त्रिपुरेश्वरस्थित राखेपमा हातामा कर्मचारीहरुले पनि स्वागत गर्दै सफलताका लागि बधाई दिएका थिए ।

**कम्पनी खारेजसम्बन्धी लिक्विडेटरको सार्वजनिक सुचना**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रा.लि.नं. ११०३०३।०६९।७० को **बुक एण्ड फ्लाई टुर्स प्रा.लि. (प्रा.लि.नं.३०२६४१/०७९/०८०)** को मिति २०८१।०६।०६ मा बसेको बिशेष साधारण सभाको निर्णयबाट कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै पनि प्रकारको बाँकी वक्यौता, ऋण दायित्व वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाणसहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आँफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तानी गरी बाँकी जायजेथा शेयरधनीलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कुनै दावी नलाग्ने व्यहोरा समेत सम्वन्धित सबैलाई सूचित गरिन्छ ।

लिक्विडेटर: **अधिवक्ता प्रविण खरेल** (इजाजत नं. ४८३)
का.जि.का.म.न.पा.वडा नं. २९, अनामनगर, सम्पर्क नं. ९८५१०१८२७५
इमेल: prabinkharel@gmail.com

# लेबनानको हिजबुल्लाह गढमा इजरायली आक्रमण, ४९२ को मृत्यु



**बेरुत (लेबनान)–** लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार सोमबार भएको इजरायली आक्रमणमा लेबनानमा ३५ बालबालिकासहित कम्तीमा ४९२ जनाको मृत्यु भएको छ । यो अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएयता सीमापार हिंसाको सबैभन्दा घातक दिन हो ।

अरब मुलुकहरूले करिब एक वर्षयता नदेखिएको स्तरमा तीव्र भएको हिजबुल्लाहसँगको बढ्दो शत्रुताका लागि इजरायलको कडा निन्दा गरेका छन् । हमास र अन्य प्यालेस्टिनी लडाकुहरूले हिजबुल्लाह र इरान समर्थित अन्य समूहलाई समावेश गर्दै इजरायलमाथि अक्टोबर ७ मा आक्रमण गरेपछि युद्ध सुरु भएको हो ।

इजरायलले दक्षिणी पूर्वी लेबनानका करिब एक हजार ६०० स्थानमा आक्रमण गर्दा 'ठूलो संख्यामा' हिजबुल्लाहका लडाकुहरू मारिएको बताएको छ । यसमा बेरुतमा 'लक्षित आक्रमण' पनि समावेश थियो । इजरायली सेनाले यसलाई 'अपरेसन नर्दन एरो' भनेको थियो । हिजबुल्लाहले उसको तेस्रो वरीयताको कमाण्डर अली कराके जीवित रहेको बताएको छ । स्रोतका अनुसार राजधानीमा भएको आक्रमणले उनलाई लक्षित गरेको बताएपछि सुरक्षित स्थानमा गएका छन् ।

सरकारी सञ्चारमाध्यमले पूर्वी लेबनानामा नयाँ आक्रमणहरूको खबर दिएपछि हिजबुल्लाहले मंगलबार बिहान इजरायली सैन्य ठेगानाहरूमा 'मिसाइलहरूको वर्षा' गरेको बतायो । इजरायलको तटीय सहर हाइफामा सोमबार हवाई आक्रमणको साइरन बज्दा मानिसहरूलाई आश्रयस्थलतर्फ दौडिरहेको देखिएको थियो ।

लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३५ बालबालिका र ५८ महिलासहित ४९२ जनाको मृत्यु भएको र एक हजार ६४५ जना घाइते भएको जानकारी दिएको छ । स्वास्थ्यमन्त्री फिरास अबियादले 'हजारौं परिवार' विस्थापित भएको बताए । पूर्वी लेबनानको प्राचीन सहर बाल्बेक नजिकै भएका विष्फोटहरूले आकाशमा धुवाँको मुस्लो उडाएको थियो ।

### हिजबुल्लाहका लागि सबैभन्दा कठिन साता

हिंसा इजरायलको गाजासँगको दक्षिणी सीमाबाट लेबनानसँगको उत्तरी सीमातर्फ सरेपछि विश्वका शक्तिशाली मुलुकहरूले इजरायल र हिजबुल्लाहलाई पूर्ण युद्धको अवस्थाबाट पछि हट्न आग्रह गरेका छन् । फ्रान्स र इजिप्टले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लाई हस्तक्षेप गर्न आह्वान गरेका छन् भने इराकले न्युयोर्कमा राष्ट्रसंघीय महासभा बैठक भइरहेका बेला अरब मुलुकहरूको बैठक तत्काल बोलाउन अनुरोध गरेको छ। इजरायलका सेना प्रमुख हेर्जी हालेभीले आक्रमणहरूले हिजबुल्लाहले दुई दशकदेखि निर्माण गर्दै आएको लडाकु पूर्वाधारलाई प्रहार गरेको बताए ।

इजरायली रक्षामन्त्री योभ ग्यालेन्टले सोमबारको अभियानलाई 'महत्त्वपूर्ण शिखर' भनेका छन् । 'यो हिजबुल्लाहको स्थापनादेखि नै सबैभन्दा कठिन साता हो- परिणामले आफैं बताइरहेको छ,' उनले भने, 'साताको सुरुमा गरिएका गतिविधिहरूको परिणामस्वरूप धेरै आतंकवादी घाइते हुँदा सम्पूर्ण एकाइ युद्धबाट बाहिरिए ।' इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले इजरायलले उत्तरमा 'सुरक्षा सन्तुलन' परिवर्तन गर्न काम गरिरहेको बताए । *रासस/एएफपी*



**भारतको पटनामा भारी वर्षाका कारण गंगा नदीमा पानीको सतह बढेपछि आफ्ना सरसामानसहित डुंगामा सुरक्षित स्थानतर्फ सर्दै बाढी प्रभावित मानिसहरू ।** *तस्बिरः एएफपी*

# सुकीलाई शरण दिन पोपको प्रस्ताव

**भ्याटिकन सिटी–** पोप फ्रान्सिसले हिरासतमा रहेकी म्यान्माकी पूर्वनेता आङ सान सुकीलाई भ्याटिकन क्षेत्रमा शरण दिने प्रस्ताव गरेको इटालेली सञ्चारमाध्यमले मंगलबार बताएको छ ।

'मैले आङ सान सुकीको रिहाइको माग गरेँ र रोममा उनको छोरालाई भेटेँ, मैले उनलाई हाम्रो क्षेत्रमा शरण दिनका लागि भ्याटिकनलाई प्रस्ताव गरेको छु,' पोपले यसै महिनाको सुरुमा एसियाको भ्रमणका क्रममा जेसुइट (रोयल क्याथोलिक समाजका सदस्य) हरूसँगको बैठकको विवरणअनुसार भने ।

कोरिएरे डेला सेरा दैनिकले प्रकाशित गरेको इटालेली पादरी एन्टोनियो स्पाडारको लेखमा सेप्टेम्बर २ देखि सेप्टेम्बर १३ सम्म इन्डोनेसिया, पूर्वी टिमोर र सिंगापुरमा भएका यी निजी बैठकहरूका अंश दिइएको छ । 'हामी म्यान्माको अवस्थाबारे चुप लागेर बस्न सक्तैनौं, हामीले केही गर्नुपर्छ,' पोपले भने, 'तपाईंको देशको भविष्य शान्तिपूर्ण हुनुपर्छ,



सबैको मर्यादा र अधिकारको सम्मान तथा सामान्य हितमा योगदान दिन सबैलाई सक्षम बनाउने लोकतान्त्रिक प्रणालीको सम्मानमा आधारित हुनुपर्छ ।'

भ्रष्टाचारदेखि कोभिड महामारी प्रतिबन्धको सम्मान नगरेको जस्ता आरोपहरूमा ७८ वर्षीया सुकीले २७ वर्षको जेल सजाय भोग्दै छिन् । सन् २०१५ मा उनको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले म्यान्माको २५ वर्षपछि भएको पहिलो लोकतान्त्रिक निर्वाचन जितेको थियो । सन् २०२१ मा सैन्य कू हुँदा उनलाई पक्राउ गरिएको थियो र स्थानीय सञ्चारमाध्यमका अनुसार हिरासतमा उनी स्वास्थ्य समस्याबाट पीडित छिन् ।

सन् १९९१ को नोबेल शान्ति पुरस्कार विजेता सुकीलाई कुनै समय मानवाधिकारको प्रतीकका रूपमा प्रशंसा गरिन्थ्यो । तर, सन् २०१७ मा मुलुकको मुख्यरूपमा रोहिंग्या अल्पसंख्यकमाथि सेनाको दमन रोक्न केही नगरेको आरोप लागेपछि उनी अन्तर्राष्ट्रिय समर्थकहरूको नजरमा बदनाम भइन् ।

छिमेकी मुलुक बंगलादेशमा रोहिंग्या शरणार्थीहरूका अनुसार यो दमन संयुक्त राष्ट्रसंघको चलिरहेको नरसंहारको विषय हो र उत्पीडन अहिले पनि जारी छ । मुख्यरूपमा बौद्ध धर्मावलम्बी म्यान्मा सन् २०२१ को कूदेखि अशान्त छ । यहाँ जुन्ता सरकार स्थापित जातीय विद्रोही समूहहरू र नयाँ प्रजातन्त्र समर्थक शक्तिहरू दुवैसँग लडिरहेको छ । *रासस/एएफपी*

# म्यान्मामा रोहिंग्या शरणार्थीलाई जबरजस्ती सेनामा भर्ती गर्ने क्रम बढ्दो

**कोक्स बजार, बंगलादेश–** सैयद गत महिना दोस्रोपटक म्यान्माबाट भाग्ने सयौं रोहिंग्या शरणार्थीमध्ये एक हुन् । सैयद (प्रतिशोधबाट बचाउनका लागि नाम परिवर्तन) उत्पीडनमा परेका राज्यविहीन मुस्लिम अल्पसंख्यक हजारौं युवाहरूमध्ये एक हुन् ।

उनीहरूले सैयद र अन्य युवा रोहिंग्याको हितका लागि नभई युद्ध लड्नका लागि बंगलादेशबाट बोलाई म्यान्माको सेना (लडाकु दस्ता) मा भर्ती गरेका थिए । तर, त्यहाँ टिक्न नसकेपछि उनीहरू पुनः शरणार्थीकारूपमा बंगलादेश फर्किएका छन् । म्यान्मारको सेनामा उनीहरूको भर्तीले नागरिकविरुद्ध बदलाको आक्रमणलाई उत्प्रेरित गरेको छ र हजारौंलाई बंगलादेशमा धकेलेको छ, जहाँ पहिले नै लगभग १० लाख रोहिंग्या शरणार्थी छन् ।

उनी भागेर विगत सात वर्षदेखि घर बोलाइएका बंगलादेशी राहत शिविरमा फर्केलगत्तै सैयदले एएफपीसँग भने, 'त्यहाँ (म्यान्मा)का जनताले निकै सास्ती भोगिरहेका छन् । मैले आफ्नै आँखाले त्यो देखेको छु । कोही खानेकुराको अभावमा छन् त कतिको भोकमरीका कारण मृत्यु भइसकेको छ । बाँकी सबै जना आफ्नो ज्यान बचाउने प्रयासमा व्यस्त छन् ।'

सैयदले आफूलाई गत जुनमा शिविरमा कार्यरत रोहिंग्या सशस्त्र समूहले भर्ती गरेको र म्यान्मारको जुन्टाविरुद्ध युद्ध गरिरहेको विद्रोही समूह अराकान सेनाविरुद्ध लड्न पठाइएको बताए। उनी र अन्य रोहिंग्या भर्ती भएकाहरूलाई भरियाको रूपमा काम गर्न लगाइयो, खाडल खन्ने र म्यान्मारका सैनिकहरूका लागि पानी ओसार्ने काममा लगाइएको थियो । सैयदले भने, 'सेना प्रहरी चौकीमा बस्छ, उनीहरू बाहिर जाँदैनन् । उनीहरूले हामीलाई कुनै प्रशिक्षण पनि दिएनन् । हाम्रो काम सेनाका लागि पानी बोक्ने र बारूदी सुरुङ खन्ने थियो ।'

एक मुस्लिम गाउँमा गस्तीमा पठाइएका बेला सैयदले आफूलाई जबरजस्ती सेनामा भर्ती गर्ने 'अपहरणकारीहरू'लाई स्लिप दिएर र बंगलादेशमा फर्कन सफल भएको बताए । संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले बंगलादेश सरकारलाई दिएको तथ्यांकअनुसार सीमा नजिकको लडाइँ चर्किंदै गएपछि हालैका महिनाहरूमा सीमा पार गर्ने करिब १४ हजार रोहिंग्याहरूमध्ये उनी एक हुन् । विज्ञहरूका अनुसार यस वर्ष बंगलादेशको शरणार्थी शिविरबाट कम्तीमा दुई हजार रोहिंग्यालाई जबरजस्ती सेनामा भर्ना गरिएको छ भने म्यान्मामा रहेका अन्य धेरै रोहिंग्यालाई पनि भर्ती गरिएको छ ।

बंगलादेशमा सेवामा खटिनेहरूले म्यान्माको जुन्टाले उनीहरूलाई आफ्नो मातृभूमि फर्कन दिने छुटको बदलामा सेनामा भर्ती हुन बाध्य पारेको बताएका छन् । शिविरमा कार्यरत दुई सशस्त्र समूह अराकान रोहिंग्या साल्भेसन आर्मी र रोहिंग्या सोलिडारिटी अर्गनाइजेसन (आएसओ) दुवैले उनीहरूलाई शरणार्थीका रूपमा मान्यता दिन अस्वीकार गर्दै आएका छन् ।

आरएसओका वरिष्ठ नेता कोको लिनले एएफपीसँग भने, 'हामीले कहिल्यै पनि आफ्नो वा अरूका लागि जबरजस्ती कसैलाई सेनामा भर्ती गरेका थिएनौं ।' संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले म्यान्माको सेना र अराकान सेना दुवैले द्वन्द्वका बेला रोहिंग्या समुदायमाथि गम्भीर दुर्व्यवहार गरेको जानकारी आफूसँग रहेको जनाएको छ ।

अन्य अधिकारवादी समूहहरूले म्यान्माका सेनासँगै रोहिंग्याहरूलाई सेवामा खटाइएकाले अराकान सेनाले जवाफी आक्रमणलाई बढावा दिएको बताएका छन् । गत महिना फोर्टिफाई राइट्सले विद्रोही समूहले सीमामा ड्रोन र मोर्टार बमबारीमा १०० भन्दा बढी रोहिंग्या पुरुष, महिला र बालबालिकाको हत्या गरेको बताएको थियो । *रासस/एएफपी*


## Madi Secondary School
### Madi Municipality-05, Sankhuwasabha

## Invitation for Bid

**First Date of Publication: 2081/06/09**

1. The Madi Secondary School, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MADI/NCB/W/2081/82-01**
2. Eligible Bidders may obtain further information at **Madi Secondary School, Madi, Sankhuwasabha** during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 3,000.00** (non-refundable) in the School Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2081/07/09.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch
   Name of office:- Shree Madi Secondary School, Madi
   Account no.:- 06007572990012 (for bid document purchase and bid security Amount)
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 1,94,500.00** issued by "A" class commercial bank or direct deposit in Madi Secondary School's Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. Madi Secondary School reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.
9. Pre-bid meeting shall be held at Madi Mabi Madi, Madi Municipality-5, Sankhuwasabha, Koshi Province at 08-10-2024 10:00 hours.

**Details of Works**

| S.N. | IFB No. | Name of Project | Location | Detail of Works | Estimated Cost Including PS Exclusive VAT |
|---|---|---|---|---|---|
| 1 | **MADI/NCB/W/ 2081/82-01** | Construction of Madi Madhyamik Bidhyalaya (Phase III) | Shree Madi Secondary School, Madi Municipality-05, Sankhuwasabha | Construction of RCC school Building | NRs. 68,88,069.36 |

**Head Teacher**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५९७०० | प्रति तोला – ० | प्रति तोला – १९१५ |



**पहेंलपुर धानबाली** | बैतडीको पाटनमा पाकेर पहेँलपुर भएको धानबाली । पाटन धान उत्पादनको पकेट क्षेत्रसमेत हो । *तस्बिर: विनोदसिंह विष्ट/रासस*

# नेपालको अर्थतन्त्रमा सुधारको संकेत : आइएमएफ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले नेपालको अर्थतन्त्रमा सुधारको प्रारम्भिक संकेत देखिए पनि अझै केही क्षेत्रमा सुधारको पहल आवश्यक रहेको जनाएको छ । आईएमएफको श्रीलंकाका लागि आवासीय प्रतिनिधि सारवत् जहाँको नेतृत्वमा यही सेप्टेम्बर ११ देखि २२ तारिखसम्म नेपाल भ्रमणमा रहको आईएमएफ टोलीले उक्त भ्रमणबारे प्रेस विज्ञप्ति जारी गर्दै क्षेत्रगत सुधारका लागि नेपालले थप कदम चाल्नुपर्ने जनाएको हो ।

यो भ्रमणको मुख्य उद्देश्य आईएमएफले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (इसिएफ) कार्यक्रमको कार्यान्वयनको अवस्थाबारे समीक्षा र समष्टिगत आर्थिक स्थितिको जानकारी लिनु रहेको विज्ञप्तिमा उल्लेख छ । 'नेपालको अर्थतन्त्रले पुनःउत्थानको प्रारम्भिक संकेत देखाइरहेको छ । नयाँ तथ्यांकले आयातको वृद्धि सकारात्मक दिशामा प्रवेश गरिरहेको देखाएको छ । कर संकलनमा सुधार भइरहेको छ र सार्वजनिक लगानी वृद्धि हुँदै गएको छ', आईएमएफद्वारा जारी विज्ञप्तिमा भनिएको छ । कर्जा विस्तारमा सुधार भइरहेको, मुद्रास्फीति घटेको, विदेशी मुद्राको सञ्चिति बढेकोलगायत सुधारका संकेत देखिएको आईएमएफको भनाइ छ ।



विदेशी मुद्रा सञ्चिति बढ्नुमा विप्रेषण आप्रवाह बढ्नु, पर्यटन क्षेत्र लयमा फर्किनु र वैदेशिक व्यापारमा आयातको अंश घट्नुलाई जिम्मेवार मानिएको छ । अर्थतन्त्र सुधारका सुरुवाती संकेत देखिए पनि त्यसलाई गति दिन नेपालले अझै केही महत्वपूर्ण काम गर्नुपर्ने सुझाव आईएमएफले दिएको छ ।

'सुदृढ र समावेशी आर्थिक विकासको बाटोमा अर्थतन्त्रलाई लैजान सुधारको गतिलाई तीव्र बनाउन आवश्यक छ । यसका लागि सार्वजनिक लगानी कार्यान्वयनलाई सुदृढ गर्नु, आन्तरिक राजस्व संकलनलाई अझ सशक्त बनाउनु, र अनुदान वितरणलाई प्रभावकारी तथा छरितो गर्न आवश्यक छ', विज्ञप्तिमा भनिएको छ । नेपालमा इसिएफ कार्यान्वयनका लागि आईएमएफले राखेको एउटा महत्वपूर्ण शर्तमध्ये १० वटा ठूला वाणिज्य बैंकहरुको कर्जा 'पोर्टफोलिया' समीक्षा (क्रेडिट पोर्टफोलिया रिभ्यु-सिपिआर) पनि एउटा हो । नेपाल राष्ट्र बैंकले सिपिआर प्रक्रिया अघि बढाउन प्रस्ताव आह्वान गरेको भए पनि आर्थिक तथा प्राविधिक मूल्यांकनपछि कुनैपनि कम्पनी योग्य नदेखिएको भन्दै यो प्रक्रिया रद्द भएको छ ।

राष्ट्र बैंकले यो प्रक्रिया पुनः प्रस्ताव आह्वान प्रक्रिया अघि बढाएको छ । तर आईएमएफले भने ठूला बैंकहरुको 'सिपिआर' आवश्यक रहेको बताएको छ । 'बैंकहरूले बढ्दो खराब कर्जा र पुँजी व्यवस्थापनमा समस्या भोगिरहेको अवस्थामा निरन्तर निगरानी आवश्यक छ । बैंक तथा वित्तीय संस्थाको नियमनलाई अझ सुदृढ बनाउन र ठूला १० वाणिज्य बैंकको ऋण पोर्टफोलियोको समीक्षा पूरा गर्नु महत्वपूर्ण छ', आईएमएफले विज्ञप्तिमा भनेको छ ।

बचत र ऋण सहकारी संस्थामा रहेका समस्या समाधानलाई प्राथमिकतामा राख्न आईएमएफले सुझाव दिएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन संशोधन हुनु सकारात्मक रहेको उल्लेख गर्दै आईएमएफले नेपाल राष्ट्र बैंक ऐनमा संशोधन, राष्ट्र बैंकको बाह्य लेखापरीक्षण, र सार्वजनिक संस्थानको पारदर्शीता बढाउनुपर्नेमा जोड दिएको छ । आईएमएफ ईसिएफको पाचौं किस्ता निकासाका लागि समीक्षाको चरणमा छ ।

आईएमएफ टोलीले नेपालमा रहँदा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शिवराज अधिकारीलगायत उच्चपदस्थ अधिकारी र राष्ट्र बैंकका अधिकारीसँग भेटघाट र छलफल गरेको थियो । त्यस्तै निजी क्षेत्रका प्रतिनिधि र विकास साझेदारसँग पनि आईएमएफ टोलीले छलफल गरेको विज्ञप्तिमा उल्लेख छ ।

# त्रिशूली–थ्री 'बी' सबस्टेसनको काम चाँडो पूरा गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले त्रिशूली थ्री बी हब २२०/१३२/३३ केभी सबस्टेशन तथा प्रसारण लाइनको काम चाँडो सम्पन्न गर्न निर्देशन दिएका छन् । उक्त सबस्टेशनको मंगलबार स्थलगत निरीक्षण गर्दै उनले प्रसारण लाइन विस्तारका क्रममा उत्पन्न समस्या समाधान गरी चाँडो काम पूरा गर्न निर्देशन दिएका हुन् ।

ऊर्जामन्त्री खड्काले प्रसारण लाइन विस्तारको काम ढिलाइ हुँदा राज्यले दैनिक ठूलो घाटा व्यहोर्नु परेको भन्दै जनशक्ति थप गरेर भए पनि चाँडो काम सम्पन्न गर्न निर्देशन दिए । 'सब स्टेशन निर्माण र चिलिमे जलविद्युत् आयोजनाबाट त्रिशूली थ्री बी हब सबस्टेशनमा ल्याउनका लागि निर्माण गरिएको प्रसारण लाइन चाँडो सम्पन्न गर्नेगरी काम गर्नुहोस्,'- ऊर्जामन्त्री खड्काले भने । त्रिशूली थ्री बी हब २२०/१३२/३३ केभी सबस्टेशनको काम अन्तिम चरणमा छभने चिलिमेबाट उक्त सबस्टेशनमा जोड्ने प्रसारण लाइनको काम मैलुङ क्षेत्रमा रोकिएको छ ।

यसैबीच, मन्त्री खड्काले रसुवाको उत्तरगया गाउँपालिकामा रहेको त्रिशूली थ्री ए जलविद्युत् आयोजनाको निरीक्षण गरेका छन् । ऊर्जामन्त्री खड्कासँगै रसुवाका प्रतिनिधिसभा सदस्य मोहन आचार्य, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, सोही मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको निरीक्षण गरेका थिए ।

# नेप्से परिसूचकमा लगातार पहिरो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा मंगलबार शेयर कारोबार मापक नेप्से परिसूचक झन्डै ५९ अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५८ दशमलव ९३ अंकले ओरालो लागेर दुई हजार चार सय ७० दशमलव ३९ मा सिमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने 'सेन्सेटिभ' परिसूचक नौ दशमलव ५२ अंकले ओरालो लागेर चार सय ४४ दशमलव ८८ मा सिमित भएको छ । कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कुल एक करोड ५५ लाख चार हजार नौ सय २९ कित्ता शेयर रु पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ मूल्यमा खरिद बिक्री भएका छन् ।

नेप्सेका अनुसार, स्वरोजगार लघुवित्त आठ दशमलव ८१, अप्पर स्यांगे हाइड्रोपावर सात दशमलव ८३, एनआइबिएल ग्रोथ फन्ड चार दशमलव ८५, इन्वा हाइड्रोपावर चार दशमलव १४ र नबिल ब्यालेन्स फन्ड तेस्रोका लगानीकर्ताले चार दशमलव शून्य आठ प्रतिशतले कमाएका छन् । हिमालयन हाइड्रोपावर १०, नेपाल फाइनान्स आठ दशमलव ७४, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव ९६, श्वेतगंगा हाइड्रोपावर सात दशमलव ६२ र एनआइसी एसिया फ्लेक्सी क्याप फन्डका लगानीकर्ताले सात दशमलव ५५ प्रतिशतले गुमाएका छन् ।

# गुल्मीको निहुरो काठमाडौंको भान्सामा

**गुल्मी–** जिल्लाका केही विपन्न परिवारका मानिस निहुरो बिक्री गरेर घरमा नुनतेलको जोहो गरिरहेका छन् । भान्सामा तरकारी र अचारका रूपमा निहुरो खाने गरिन्छ । उनिउँ प्रजातिको यो वनस्पति डाँठे, झुसे र कान्ले गरी तीन प्रकारको निहुरो यहाँमा पाइन्छ ।

वर्षात्का समयमा लेक क्षेत्रमा बसोबास गर्ने विपन्न परिवारका मानिसको दिनचर्या दिनभर जंगल र पाखामा निहुरो टिपेर बित्ने गर्छ । जिल्लाको पश्चिमी भेगका जंगल र खोल्साहरूमा प्रशस्त मात्रमा निहुरो पाइन्छ । दुई दिनको समय लगानी गरेर राम्रै आम्दानी गर्न सकिने भएका कारण त्यस क्षेत्रका विपन्न परिवार वर्षौंदेखि यो पेसा गर्दै आएका छन् । उनीहरू आफूले अघिल्लो दिन टिपेको निहुरो दोस्रो दिन बिहानै बिक्रीका लागि सदरमुकाम तम्घाससम्म आउने गर्दछन् ।

गुल्मीको अर्जै, घमिर, अर्खाबाङ, नेटा तथा ह्वाङदीलगायत जंगलमा प्रशस्त मात्रमा पाइने निहुरोले विपन्न परिवारको आयआर्जनमा राम्रै सहयोग पुर्याएको छ । जंगलबाट टिपेर ल्याएका चिजको गाउँमा खासै महत्व नहुने भएका कारण उनीहरूले टिपेको निहुरो डोकोमा बोकेर बिक्री गर्न सदरमुकाम तम्घाससम्म ल्याउने गर्छन् ।



उत्पादन गर्न कुनै लगानी नलाग्ने भएका कारण जंगलमा एक दिन गरेको मेहनतका कारण राम्रो आम्दानी गरिरहेका छन् ।

उनीहरूले जंगलबाट टिपेर ल्याएको निहुरोलाई स-साना मुठा बनाएर बिक्रीका लागि बजारसम्म पुऱ्याउँछन् । एउटा डोकामा एक सय ५० मुठासम्म अटाउँछन् । यसरी एउटा मुठाको मूल्य सदरमुकाम तम्घाससम्म ल्याइपुर्याउँदा साना मुठाको रु ३० देखि ठूला मुठाको रु ५० सम्ममा बिक्री गर्ने गरेको गुल्मी धुर्कोट गाउँपालिका-५ की चन्द्रकली कुमाल बताउँछिन् । 'दिनभर जंगलमा जानुपर्यो, पानी परेका बेलामा पनि रुझ्दै टिप्नु पर्छ, जंगलमा जुका लागेर हैरान हुन्छ, जंगलमा सित्तै भेटिन्छ भनेर के गर्नु दुःख त कति छ कति', उनले भने ।

चन्द्रकलीमात्र होइन, उनीजस्तै जंगलबाट टिपेर ल्याएको निहुरो बोकेर सदरमुकाम आइपुगेकी मीना राना आफूले ल्याएको निहुरो बिक्री गरेर घर फर्कँदा नुनतेल र साबुन किनेर लैजाने बताउँछिन् । उनले भनिन्, 'घर खर्च चलाउन ठूलो राहत पुगेको छ ।' बर्खाको समयमा जंगलदेखि दुई दिनको समय खर्चेर सदरमुकामसम्म ल्याइपुऱ्याउन त्यति सहज भने छैन । तर पनि उहाँहरूजस्तै अन्य व्यक्ति असारबाट भदौ अन्तिम सातासम्म यसरी जंगलबाट टिपेर ल्याएको तरकारीको डोको बोकेर सदरमुकामको बजारसम्म आइपुग्छन् ।

गुल्मीको निहुरो सदरमुकाम तम्घासमात्र होइन, अर्घाखाँचीदेखि बुटवलका बजारका तरकारी पसलसम्म पुग्ने गर्दछ । यहाँको निहुरोको बजारमा राम्रो माग छ । विषादी प्रयोग गरेका तरकारी खाँदाखाँदै हैरान परेका उपभोक्ताका लागि पहाडको लेकबाट टिपेर ल्याएको अर्ग्यानिक निहुरो खोजीखोजी लैजाने गर्दछन् । यसबाट अचार, तरकारी र चुकौनीलगायत परिकार बनाउन सकिने र निकै स्वादिलो हुने भएका कारण बजारमा यस्ता तरकारीको माग हुने गरेको छ । निहुरो बिक्री गरेर यस क्षेत्रका विपन्न परिवारले याममा एक जनाले रु २० देखि ३० हजारसम्म आम्दानी गर्छन । सधैँभरि उस्तै प्रकारको तरकारी खाएर हैरानी परेकालाई नयाँ स्वाद लिन चाख्न निहुरो निकै मन पराउँछन । आजभोलि कोसेलीका रुपमा समेत निहुरो बढी मात्रमा बुटवलदेखि काठमाडौंसम्म पठाउने गरिन्छ । *रासस*

# नेपाल इन्भेस्टमेण्ट मेगा बैंकलाई भिसा इन्टरनेसनलको सम्मान



**काठमाडौं (प्रस)–** नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (एनआईएमबी) भिसा इन्टरनेसनलद्धारा आयोजित लिडरसिप कन्क्लेभ नेपाल २०२४ मा 'एक्सिलेन्स इन न्यू पेमेन्ट फ्लोस् इस्यूवर'बाट सम्मानित भएको छ ।

काठमाडौंमा आयोजना भएको 'भिसा लिडरसिप कन्क्लेभ नेपाल २०२४' कार्यक्रममा एनआईएमबी सम्मानित भएको हो । विगत ४ दशक देखि ग्राहकवर्गहरुलाई गुणस्तर सेवा दिदैं आएको एनआईएमबीले आगामी दिनहरुमा पनि ग्राहकवर्गहरुलाई आधुनिक डिजिटल माध्यममा थप सेवा तथा सुविधा दिने प्रतिबद्धता जनाएको छ ।

हाल बैंकको २७४ शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, ७७ वटा शाखा रहित बैंकिङ र २६६ वटा एटीएम रहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ